बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## शिक्षा शाखा

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं. ०७६-०७७
च.नं. १४८

मितिः २०७७/०२/२२

विषय : निवेदन पेश गर्ने सम्बन्धमा ।

श्री सवै विद्यालयहरु
बलेफी, सिन्धुपाल्चोक

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं.१५५ मिति २०७७।०२।२० गतेको पत्र (गोरखापत्रमा मिति २०७७।०२।२१ मा प्रकाशित सूचना) अनुसार सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम दुई वा दुई भन्दा बढी विद्यालय तथा कक्षाहरु एक आपसमा समायोजन, एकीकरण भएमा त्यस्ता विद्यालयहरुले प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेकोले इच्छुक विद्यालयहरुले कार्यविधि अनुसार आवश्यक कागजात सहित २०७७ असार १ गते भित्र गाउंपालिका भित्र आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

सलवहादुर पाण्डे
शिक्षा अधिकृत

थप जानकारीका लागि

## "सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" अनुसार समायोजन एवम् एकीकरण भएका विद्यालयलाई अनुदान दिने आधारहरु :

सम्बत् २०७४ साल चैत्र मसान्तसम्म कम्तीमा एक शैक्षिक सत्र पूरा गरेका र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन पश्चात् स्थानीय तहले विधिसम्मत् ढंगले समायोजन गरेका विद्यालयहरुलाई एक पटकका लागि मात्र देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछ :

**(क) सार्वजनिक र निजी लगानीको विद्यालय समायोजन एवम् एकीकरण भएमा**

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| १. | आधारभूत तहको कक्षा ५ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु २० लाख |
| २. | आधारभूत तहको कक्षा ८ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ३. | माध्यमिक तहसम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ५० लाख |

**(ख) सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण भएमा**

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| ४. | कक्षा ५ सम्म संचालित कुनै विद्यालय कक्षा ५ सम्म संचालित अर्को विद्यालयमा समायोजन भएमा | रु २५ लाख |
| ५. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ६. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ७. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ८. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४० लाख |
| ९. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४५ लाख |
| १०. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ५० लाख |
| ११. | कक्षा १० वा १२ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ६० लाख |

**(ग) कक्षा घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण भएमा :**

(१) आधारभूत तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.पाँच लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.दुई लाख पचास हजारका दरले प्रोत्साहन अनुदान पाउनेछ ।

(२) माध्यमिक तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.दश लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.पाँच लाखका दरले प्रोत्साहन अनुदान पाउनेछ ।